# स्थानीय राजपत्र

**खण्ड १) गोल्जुङबेशी रसुवा  मिति २०८१/३/२० (अतिरिक्ताङ्क...२१)**

## भाग -२

## आमाछोदिङमो गाउँपालिका

नेपालको संविधान बमोजिम आमाछोदिङमो गाउँपालिकाले "गाउँपालिका भित्रका सामुदायकि विद्यालयमा करार शिक्षक तथा कर्मचारी नियुक्ति सम्बन्धी कार्यविधि, २०७९ जारी गरेको छ बनाई सर्वसाधारण जनताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**गाउँपालिका भित्रका सामुदायकि विद्यालयमा करार शिक्षक तथा कर्मचारी नियुक्ति सम्बन्धी कार्यविधि, २०७९"**

प्रस्तावनाः

आमाछोदिङमो गाउँपालिका अन्तरगगत सामुदायिक विद्यालयमा नेपाल सरकारद्वारा स्वीकृत दरबन्दी, राहत अनुदान कोटा, बालविकास सहजकर्ता, गाउँपालिकाको स्रोतबाट तलब भत्ता खाने गरी नियुक्त हुने शिक्षक, कर्मचारी तथा बालविकास केन्द्रका सहजकर्ताहरुको छनौट तथा सेवा करारलाई व्यवस्थित गर्नको लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ तथा

आमाछोदिङमो स्थानीय राजपत्र

आमाछोदिङमो गाउँपालिकाको शिक्षा ऐन, २०७५ को आधारमा रही आमाछोदिङमो गाउँपालिकाले यो कार्यविधि बनाइ लागू गरेको छ ।

१. संक्षिप्त नाम, प्रारम्भ र प्रयोग

क) यस कार्यविधिको नाम विद्यालय शिक्षक तथा कर्मचारी नियुक्ति सम्बन्धी कार्यविधि, २०७९ रहेको छ ।

ख) यस कार्यविधि आमाछोदिङमो गाउँपालिका अन्तरगतका सामुदायिक विद्यालयहरुमा रिक्त हुने स्वीकृत दरबन्दी, राहत, अनुदान कोटा, विद्यालय सहयोगी, विद्यालय कर्मचारी, बालविकास सहजकर्ता, गाउँपालिकाको स्रोतबाट तलब भत्ता खाने शिक्षक तथा कर्मचारीको छनौट र सेवा करारको लागि प्रयोग हुनेछ ।

ग) यस कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः

क) "ऐन" भन्नाले आमाछोदिङमो गाउँपालिकाको शिक्षा ऐन, २०७५ सम्झनु पर्छ । साथै ऐन भन्नाले संघीय शिक्षा ऐन तथा प्रादेशिक शिक्षा ऐन समेतलाई जनाउनेछ ।

ख) "नियमावली" भन्नाले शिक्षा नियमावली, २०५९ लाई सम्झनुपर्छ । साथै प्रादेशिक शिक्षा नियमावलीलाई समेत जनाउनेछ ।

ग) "शिक्षक सेवा आयोग" भन्नाले संघीय कानुन अनुसार गठित शिक्षक सेवा आयोग सम्झनु पर्छ । यस शब्दले प्रादेशिक स्तरमा शिक्षक सेवा आयोग गठन भएमा सो आयोगलाई समेत जनाउनेछ ।

घ) "शिक्षा शाखा" भन्नाले आमाछोदिङमो गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनुपर्छ ।

ङ) "कार्यविधि" भन्नाले आमाछोदिङमो गाउँपालिका शिक्षक तथा कर्मचारी नियुक्ति सम्बन्धी कार्यविधि, २०७९ सम्झनुपर्छ ।

च) "गाउँपालिका" भन्नाले आमाछोदिङमो गाउँपालिका सम्झनु पर्छ ।

३. विद्यालय शिक्षक तथा कर्मचारी नियुक्ति सम्बन्धी व्यवस्था

३.१) नेपाल सरकारको स्रोतबाट शिक्षक नियुक्ति सम्बन्धी व्यवस्थाः

(१) दरबन्दीमा स्थायी शिक्षक नियुक्ति हुन नसकी तत्काल करारमा शिक्षक नियुक्ति गर्न पर्ने भएमा व्यवस्थापन समितिले गाउँशिक्षा अधिकारी मार्फत शिक्षक सेवा आयोगबाट करारमा शिक्षक नियुक्तिको लागि प्रकाशित भएको सूची माग गर्न पर्नेछ । सो बमोजिम सूचीमा सूचीकृत उम्मेदवारको नामावली उपलब्ध गराउनु पर्नेछ ।

(२) बुँदा (१) बमोजिम माग गरेको सूची प्राप्त भए पछि सूचीमा रहेका उम्मेदवारमध्ये व्यवस्थापन समितिले बढीमा एक शैक्षिक सत्रकोलागि करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ ।

३.२) बुँदा ३.१ बमोजिम आयोगबाट प्रकाशित सूचीमा करारका लागि कुनै उम्मेदवार नरहेमा सूचीमा समावेश भएका उम्मेदवारले शिक्षक पदमा नियुक्त हुन निवेदन नदिएमा व्यवस्थापन समितिले ३.३ बमोजिमको छनौट समितिको सिफारिसमा बढीमा एक शैक्षिक सत्रको लागि योग्यता पुगेको व्यक्तिलाई करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ ।

३.३) छनौट समिति : (१) सामुदायिक विद्यालयमा नेपाल सरकारद्वारा स्वीकृत दरबन्दी र राहत/अनुदान कोटामा, निजिश्रोतमा शिक्षक र विद्यालय कर्मचारी तथा बालविकास सहजकर्ता करारमा नियुक्तिका लागि सिफारिस गर्न प्रत्येक विद्यालयमा एक शिक्षक तथा कर्मचारी छनौट समिति रहनेछ :

| | |
|---|---|
| (क) सम्बन्धित विद्यालयको वि व्य सअध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य | संयोजक |
| (ख) गाउँपालिकाको शिक्षा शाखा प्रमुख वा निजले तोकेको कर्मचारी | सदस्य |
| (ग) गाउँपालिकाले तोकेको विषय विशेषज्ञ १ जना | सदस्य |
| (घ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक | सदस्य सचिव |

(२) शिक्षक तथा कर्मचारी छनौट समितिको सचिवालय सम्बन्धित विद्यालयमा रहनेछ

।

४. छनौट समितिले शिक्षक कर्मचारी नियुक्ति गर्दा अपनाउनु गर्नुपर्ने प्रक्रिया :

(क) शिक्षक, कर्मचारी तथा बालविकास सहजकर्ता नियुक्ति गर्दा शिक्षा शाखाबाट दरबन्दी रीक्त रहेको व्यहोरा प्रमाणित गराई अनुमति लिएर विषय मिल्ने गरी मात्र करारमा शिक्षक तथा कर्मचारी नियुक्ति गर्न सकिनेछ ।

(ख) शिक्षक, कर्मचारी तथा बालविकास सहजकर्ता नियुक्ति गर्न कम्तीमा पन्ध्र दिनको सार्वजनिक सूचना प्रकाशन गर्नुका साथै गाउँपालिका तथा सम्बन्धित विद्यालयको सूचना पाटीमा समेत त्यस्तो सूचना टाँस्नु पर्नेछ । त्यस्तो सूचना आमाछोदिङमो गाउँपालिकाको वेवसाइटमा समेत राख्न सकिनेछ ।

(ग) शिक्षक, कर्मचारी तथा बालविकास सहजकर्ता पदमा नियुक्त हुन निवेदन दिने उम्मेदवारले आफ्नो शैक्षिक योग्यता, नेपाली नागरिकताको प्रमाणपत्र निवेदन साथ पेश गर्नु पर्नेछ ।

(घ) प्राप्त हुन आएका निवेदन, प्रमाणपत्र र अन्य कागजात सम्बन्धित विद्यालयले शिक्षा शाखामा उपलब्ध गराउनु पर्नेछ ।

(ङ) शिक्षा शाखाको परामर्शमा कम्तिमा ३ दिनको अवधि तोकी लिखित परीक्षाको मिति तय गरी सम्बन्धित उम्मेदवारहरुलाई सूचना गर्नु पर्नेछ ।

(च) उक्त परीक्षाको केन्द्र गाउँपालिकामा हुनेछ । परीक्षा सञ्चालन, प्रश्नपत्र निर्माण लगायत अन्य आवश्यक कार्यविधि बुँदा ३.३ बमोजिम गठित समितिको निर्णय अनुसार हुनेछ ।

(छ) बुँदा ३.३ बमोजिम गठित समितिको सिफारिसमा विद्यालयले यस बुँदा बमोजिम करारमा शिक्षक, कर्मचारी तथा बालविकास सहजकर्तासँग सेवा करार गरी सोको अभिलेखीकरणको लागि शिक्षा शाखालाई जानकारी दिनु पर्नेछ र शिक्षा शाखाले सोको अभिलेख राखेको प्रमाण विद्यालयलाई दिनु पर्नेछ ।

(ज) बुँदा ३.२ मा जुनसुकै कुरा लेखिएको भए तापनि करारमा शिक्षक तथा कर्मचारी नियुक्त भएको एक शैक्षिक सत्रसम्म पनि रिक्त पदमा नियमानुसार स्थायी पदपुर्ति

आमाछोदिङमो स्थानीय राजपत्र

नभएमा व्यवस्थापन समितिले करारको म्यादथप गर्न सक्नेछ । विद्यालयले प्रत्येक शैक्षिक सत्रको शुरुमा उक्त म्याद थपेको पत्र अभिलेखीकरणको लागि शिक्षा शाखा समक्ष पेश गर्नुपर्नेछ ।

(झ) यस कार्यविधि बमोजिमको प्रक्रिया नपुऱ्याई शिक्षक,कर्मचारी तथा बालविकास सहजकर्ता नियुक्ति गरेमा गाउँ शिक्षा समितिबाट त्यस्तो नियुक्ति बदर गरी सम्बन्धित प्रधानाध्यापकलाई विभागिय कारबाही गरिनेछ ।

(ञ) विद्यालयमा नेपाल सरकारको स्रोतबाट तलब भत्ता पाउने जुनसुकै प्रकारका शिक्षक, विद्यालय कर्मचारी, विद्यालय सहयोगी तथा बालविकास सहजकर्ता नियुक्तिमा यस प्रक्रिया अबलम्बन गर्नुपर्नेछ ।

५. प्रश्न निर्माण र परीक्षा सञ्चालन सम्बन्धी व्यवस्था

५.१) परीक्षा सञ्चालन सम्बन्धी प्रक्रियाः

क) शिक्षा शाखाले तोकेको केन्द्र, समय र मितिमा परीक्षा सञ्चालन हुनेछ ।

ख) परीक्षा सञ्चालनको क्रममा आवश्यक पर्ने कर्मचारी तथा अन्य व्यवस्था शिक्षा शाखाले तोके बमोजिम हुनेछ ।

५.२) परीक्षाको प्रकारः छनौट समितिको निर्णयानुसार निम्न मध्ये कुनै दुई किसिमका परीक्षा र अन्तरवार्ता लिई उम्मेदवारको योग्यता क्रम निर्धारण गरिनेछ ।

क) वस्तुगत परीक्षाः शिक्षक सेवा आयोगले सम्बन्धित तहको लागि तोकेको पाठ्यक्रम अनुसार

ख) विषयगत परीक्षाः शिक्षक सेवा आयोगले तोकेको पाठ्यक्रम अनुसार

ग) प्रयोगात्मक परीक्षाः आवश्यकता अनुसार

घ) अन्तरवार्ता

५.३) प्रश्नपत्र निर्माण सम्बन्धी प्रक्रिया

क) छनौट समितिमा रहेका विषय विज्ञ तथा विद्यालयका प्रधानाध्यापकबाट परीक्षा हुनुभन्दा १ घण्टा अघि प्रश्नपत्र निर्माण गर्नु पर्नेछ ।

आमाछोडुमा स्थानिय राजपत्र

ख) निर्माण भएको प्रश्नलाई सकेसम्म विशेषज्ञहरुबाटै टाइप गर्ने व्यवस्था मिलाउनु पर्नेछ । आवश्यक मात्रामा छपाइ तथा फोटोकपी गरी तत्काल खामबन्दी गरी परीक्षा केन्द्रमा परीक्षा समितिको रोहबरमा खोली परीक्षा सञ्चालन गरिनेछ ।

५.४) विशेषज्ञ, परीक्षार्थी र छनौट समितिका पदाधिकारी सबैले पालना गर्नुपर्ने आचारसंहिता ।

क) परीक्षा हलमा मोबाइल लैजान नहुने ।

ख) परीक्षा हलमा हात हतियार तथा धारीलो बस्तु लैजान नहुने ।

ग) शिष्ट र नम्र व्यवहार गर्नुपर्ने ।

घ) होहल्ला गर्न नपाईने ।

ङ) परीक्षाका आवश्यक गोपनियता कायम गर्नुपर्ने ।

५.५) उत्तरपुस्तिका परीक्षण सम्बन्धी व्यवस्था:

क) वस्तुगत तथा विषयगत परीक्षाका उत्तरपुस्तिकाहरु प्राप्त भएपछि गाउँशिक्षा अधिकारी वा निजले तोकेको शाखाको कर्मचारीको रोहबरमा उत्तरपुस्तिकाको कोड गरी कोडिङको अर्धकट्टी तत्काल शिलबन्दी गरिनेछ ।

ख) त्यससपछि गाउँ शिक्षा अधिकारी वा निजले तोकेको शाखाको कर्मचारीको रोहबरमा विषय विज्ञबाट उत्तरपुस्तिका परीक्षण गराइनेछ ।

ग) वस्तुगत परीक्षाको उत्तरपुस्तिका परीक्षण सम्बन्धमा १.३ बमोजिम गठित समितिको निर्णय अनुसार विषयविज्ञहरुले तत्काल उत्तरपुस्तिका परीक्षण गरी ५० प्रतिशत वा सो भन्दा माथि अङ्क प्राप्त गर्ने उम्मेदवारहरुको नामावली परीक्षा समिति समक्ष पेश गर्नु पर्नेछ ।

घ) वस्तुगत परीक्षामा ५० प्रतिशत अकं प्राप्त गरेका उम्मेदवारको लिखित परीक्षा लिई उत्तीर्ण उम्मेदवारहरुको विषयगत र वस्तुगतको प्राप्ताङ्क जोडेर छनौट समितिको निर्णय अनुसार नतिजा प्रकाशन गरिनेछ ।

माथि जुनसुकै कुरा लेखिएको भएतापनि छनौट समितिको निर्णयानुसार लिखित परीक्षा अन्तरगत वस्तुगत परीक्षा मात्रै सञ्चालन गर्न समेत सकिनेछ ।

५.६) अन्तिम योग्यताक्रम सम्बन्धमाः

क) अन्तरवार्ता वापत पाउने अङ्कभार शिक्षक सेवा आयोग नियमावली, २०५७ अनुसार कायम गरिनेछ ।

ख) बुँदा ५.६. (क) बमोजिम नम्बर कायम गर्दा आन्तरिक प्रतियोगीताको हकमा सम्बन्धित तहमा कार्यरत रहेको भए एक बर्षको आधा नम्बरका दरले बढीमा ५ नम्बर प्रदान गनेगरी छुट्टयाइनेछ ।

ग) अन्तरवार्ता छनोट समितिले तोकेको मिति र स्थानमा हुनेछ ।

घ) लिखित र मौखिक परीक्षाबाट उच्चतम अङ्क सहित उत्तीर्ण हुने उम्मेदवारहरुको नामावली छनोट समितिले प्रकाशन गर्नेछ ।

ङ) छनौट भएका उम्मेदवार र विद्यालय व्यवस्थापन समितिबीच तोकिएको ढाँचामा सेवा करार सम्झौता हुनेछ ।

५.७) वैकल्पिक उम्मेदवारको नियुक्ति सम्बन्धी व्यवस्थाः

क) कार्यविधिको बुँदा ५.६ अनुसार नियुक्तिको लागि सिफारिस भएका उम्मेदवारले सूचनामा प्रकाशित अवधिभित्र नियुक्ति नबुझेमा वा नियुक्ति बुझको ७ दिनभित्र विद्यालयमा हाजरी नभएमा छनोट समितिको निर्णय अनुसार वैकल्पिक उम्मेदवारलाई नियुक्ति गरिनेछ ।

६. परीक्षा सञ्चालन पर्ने पदाधिकारीको सेवा सुविधा सम्बन्धमा

६.१ माथि उल्लेखित परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यमा संलग्न पदाधिकारीहरु तथा कर्मचारीहरुले तपसिल बमोजिमको सेवा सुविधा पाउनेछन् ।

| | |
|---|---|
| क) पदाधिकारी बैठक भत्ता प्रति बैठक | रु १०००/- |
| ख) विषयगत प्रश्न निर्माण प्रति सेट | रु १५००/- |
| ग) वस्तुगत प्रश्न निर्माण प्रति सेट | रु १५००/- |
| ङ) उत्तरपुस्तिका परीक्षण विषयगत प्रति उपु | रु ५०/- |
| च) वस्तुगत उत्तरपुस्तिका परीक्षण प्रति उपु | रु ५०/- |
| छ) विषयगत प्रश्नपत्र टाइप प्रति सेट | रु २००/- |

ज) वस्तुगत प्रश्नपत्र टाइप प्रति सेट रु ३००/-

झ) अन्तरवार्ता प्रति व्यक्ति १५००।-

७. विविध

७.१) परीक्षा सञ्चालनको क्रममा आवश्यक पर्ने मसलन्द सामग्री, उत्तरपुस्तिका छपाइ लगायतको बन्दोवस्त विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार विद्यालयले गर्नेछ ।

७.२) परीक्षा सञ्चालन, उत्तरपुस्तिका छपाइ, उत्तरपुस्तिका परीक्षण लगायत माथि उल्लेखित विभिन्न शीर्षकमा भएको खर्च परीक्षा दस्तुर वापत उठेको रकमबाट व्यहोरिनेछ । परीक्षा दस्तुरबाट खर्च नपुग भएमा बाँकी खर्च विद्यालयले सञ्चालन गरेको परीक्षा भएमा सम्बन्धित विद्यालयले खर्च व्यहोर्नु पर्नेछ ।

७.३) परीक्षा अनुगमनः- परीक्षाको अनुगमन प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको शिक्षा शाखाका कर्मचारीबाट हुनेछ ।

७.४) यस भन्दा अघि गाउँपालिका तथा विद्यालयबाट विज्ञापन भई नियुक्ति भएका करार शिक्षकहरु यसै कार्यविधि बमोजिम भएको मनिनेछ ।

आज्ञाले

गोपाल प्रसाद दुलाल

प्रमुख प्रशासकिय अधिकृत

आमाछोदिङमो स्थानीय राजपत्र